# शिवसताक्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ब्याङ्गडाडा, झापा १ नं. प्रदेश, नेपाल

मितिः २०७५/११/१३ गते

# शिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वान सम्बन्धी सूचना

शिवसताक्षी नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुको औषधी खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका संघ संस्था, फर्म (FIRM) तथा सेवा प्रदायक कम्पनीहरुले यो सूचना प्रकाशन गरिएको मितिले १५ दिन भित्र पेश गर्ने गरी शिलबन्दी दरभाउ प्रस्ताव आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ।

**ठेक्का सम्वन्धी विवरणः**

- इच्छुक योग्यता पुगेका दरभाउपत्रहरुबाट सूचना प्रकाशन मितिले १५ औ दिन (मिति २०७५/११/२७ गते) सम्ममा कार्यालय समयभित्र यस कार्यालयबाट फिर्ता नहुने गरी रु १,०००।०० (अक्षेरपी रु. एक हजार मात्र) नगदै बुझाई नगदी रसिदका साथ आ.व. २०७५/०७६ को नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र यस कार्यालयबाटै खरिद गर्न सकिने छ।

- आफुले लिन चाहेको ठेक्काको कबोल अंक नगरपालिकाले उपलव्ध गराएको फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गरी दरभाउपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौं) दिन (मिति २०७५/११/२८ गते) दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा खरिद दर्ता र खोलिने छ।

- शिलवन्दी दरभाउपत्रसाथ जमानत रकम रु ३६,०००।०० (छत्तिस हजार मात्र) यस कार्यालयको नाममा मेगा बैक नेपाल लिमिटेड विर्तामोड शाखामा रहेको धरौटी खाता न ०१७००१००७४८४४ मा नगदै जम्मा गरी सक्कलै भौचर वा ७५(पचहत्तर) दिनको म्याद भएको मान्यताप्राप्त (क) वर्गको वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड बण्ड (बैक ग्यारेन्टी) शिलबन्दि दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ।

- दरभाउ पत्र पेश गर्दा प्रत्येक आइटमको दर रेट अंक र अक्षरमा स्पष्ट हुनेगरी लेखी कुल जोडको पनी अंक र अक्षरमा लेख्नु पर्नेछ। अंक र अक्षर फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

- रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

- दर्ता भएका दरभाउपत्र आंशिक वा पुर्णरुपमा स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

- दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क नं., फ्याक्स नं. र इमेल स्पष्ट सँग लेख्नुपर्ने छ।

- यससँग सम्बन्धित अअन्य कुरा बुझ्नु परेमा कार्यालयमा बुझ्न सकिनेछ।